आज मिति २०७७।०१।०३ गते बुधबारका दिन यस माधव नारायण नगरपालिकाका नगर प्रमुख श्री वीरेन्द्र प्रसाद यादव ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा तपसिल बमोजिमका सदस्यहरुको उपस्थितीमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री वीरेन्द्र प्रसाद यादव | प्रमुख | |
| २. | श्री सिमल साह | उप प्रमुख | |
| ३. | श्री रणधिर प्रसाद यादव | सदस्य | |
| ४. | श्री हनुमान सहनी मलाह | सदस्य | |
| ५. | श्री राजकुमार राय यादव | सदस्य | |
| ६. | श्री रामदेनी मुखिया | सदस्य | |
| ७. | श्री जमिलकर मंसुरी | सदस्य | |
| ८. | श्री राजीव कुमार यादव | सदस्य | |
| ९. | श्री दिलीप कुमार यादव | सदस्य | |
| १०. | श्री जितेन्द्र प्रसाद | सदस्य | |
| ११. | श्री जगरीत सहनी | सदस्य | |
| १२. | श्री दिपेन्द्र कुमार मुखिया | सदस्य | |
| १३. | श्री जनक मण्डल सुडी | सदस्य | |
| १४. | श्री रुप नारायण बैठा धोवी | सदस्य | |
| १५. | श्री बविता कुमारी पासवान | सदस्य | |
| १६. | श्री गायत्री देवी | सदस्य | |
| १७. | श्री रुनिया देवी बनिया | सदस्य | |
| १८. | श्री नुतन कुमारी | सदस्य | Nutan Kumari |
| १९. | श्री प्रमिला देवी | सदस्य | |
| २०. | श्री प्रलव कायस्थ | सदस्य सचिव | |

Scanned with CamScanner

निर्णयहरु :

## निर्णय नं. १ :

यस माधव नारायण नगरपालिकाको आ.व. २०७६/०७७ मा संचालन हुने स्वीकृत योजना/कार्यक्रमहरुमध्ये कर्मचारी पारिश्रमिक शिर्षकमा रकम अपुग हुने देखिएको तथा राजश्व बाँडफाँडको सम्पूर्ण रकम संघिय सरकारबाट प्राप्त नहुने सम्भावना देखिएकाले वितीय समाणिकरण अनुदानबाट संचालन हुने नगरस्तरीय २ वडा नं. ६ मा ग्याँस सिलिण्डर सेट वितरण योजनाको रु. ३५,००,०००।०० (अक्षरेपी रुपैयाँ पैतीस लाख मात्र) कट्टा गरी कर्मचारी पारिश्रमिक शिर्षकमा खर्च गर्ने तथा यस विपद्को समयमा कामकाज गर्ने कर्मचारीहरुलाई ५०% (पचास प्रतिशत) प्रोत्साहन भत्ता उपलब्ध गराउने यस नगरपालिकाको निर्णय बमोजीम प्रोत्साहन भत्ता शिर्षकमा रकम अपुग हुने देखिएकाले वितीय समाणिकरण अनुदानबाट संचालन हुने नगरस्तरीय २ वडा नं. ३ मा ग्याँस सिलिण्डर सेट वितरण योजनाको रु. १०,००,०००।०० (अक्षरेपी रुपैयाँ दश लाख मात्र), नगरस्तरीय २ वडा नं. ४ मा ग्याँस सिलिण्डर सेट वितरण योजनाको रु. १५,००,०००।०० (अक्षरेपी रुपैयाँ पन्ध्र लाख मात्र), नगरस्तरीय १ विविध कार्यक्रम खर्च योजनाको रु. २५,००,०००।०० ( अक्षरेपी रुपैयाँ पच्चिस लाख मात्र) गरी कुल रु. ५०,००,०००।०० (अक्षरेपी रुपैयाँ पचास लाख मात्र) कट्टा गरी प्रोत्साहन भत्ता शिर्षकमा खर्च गर्ने निर्णय गरियो।

## निर्णय नं. २ :

यस माधव नारायण नगरपालिकाको आ.व. ०७६/०७७ मा पूर्वाधार क्षेत्र विकास कार्यक्रम अन्तर्गत वडा नं. ३ मा अस्पताल भवन तथा संघिय सरकारको समपुरक योजना अन्तर्गत वडा नं. १ देखि ३ सम्म सडक कालोपत्रे कार्यको बोलपत्र मुल्याङ्कन भई मिति २०७६/१२/२३ मा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भइ सो समयावधि भित्र कुनै निवेदन दर्ता नभएकाले तपसिल बमोजीमको विवरण भएको ठेक्का तथा ठेकेदार सँग सम्झौता गरी कार्यादेश दिई कार्य अगाडि बढाउन तथा पूर्वाधार क्षेत्र विकास कार्यक्रम तर्फको बाँकि रकम श्री जिल्ला समन्वय समितिमा फिर्ता पठाउनका लागि योजना शाखा, प्राविधिक शाखा, लेखा शाखा तथा प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने निर्णय गरियो।

तपसिल

| क्र.सं. | ठेक्का नं. | ठेक्का विवरण | ठेकेदारको नाम | ठेक्का कबोल रकम |
|---|---|---|---|---|
| १. | Mun/MadhavNarayan/NCB/Works/1/2076/077 | Construction of hospital building at ward no. 3, Sakhuawa | Jaya Dhananjaya / Chaudhary JV | ४,६६,७८,८१४।७५ |
| २. | Mun/MadhavNarayan/NCB/Works/2/2076/077 | Construction of blacktop road from ward no. 1 to 3 | Jaya Dhananjaya / Kandel/ Chaudhary JV | ४,०७,९८,०२६।७३ |

Scanned with CamScanner

निर्णय नं. ३ :

यस माधव नारायण नगरपालिकाको आ.व. २०७६/०७७ मा संचालन हुने स्वीकृत योजना/कार्यक्रमहरुमध्ये तपसिल बमोजीमका योजनाहरुको स्वीकृत बजेटबाट तपसिल बमोजीमको रकम कोरोना भाईरसको रोकथाम, नियन्त्रण तथा कोरोना भाईरससँग सम्बन्धित कार्यहरुमा खर्च गर्नका लागि रकम विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | स्वीकृत योजनाको नाम | विनियोजीत रकम (रुपैयाँमा) | कोरोनाका लागि कट्टा गरिने रकम |
|---|---|---|---|
| १. | वडा नं ३ को ग्याँस सिलिण्डर सेट वितरण कार्यक्रम | रु. २०,००,०००।०० | रु. २०,००,०००।०० |
| २. | वडा नं ४ को ग्याँस सिलिण्डर सेट वितरण कार्यक्रम | रु. ८,००,०००।०० | रु. ८,००,०००।०० |
| ३. | वडा नं ५ को ग्याँस सिलिण्डर सेट वितरण कार्यक्रम | रु. २०,००,०००।०० | रु. २०,००,०००।०० |
| ४. | वडा नं ६ को ग्याँस सिलिण्डर सेट वितरण कार्यक्रम | रु. २५,००,०००।०० | रु. २५,००,०००।०० |
| ५. | वडा नं ८ को कृषिको लागि विद्युत पोल तारको व्यवस्था तथा जडान गर्ने | रु. १०,००,०००।०० | रु. १०,००,०००।०० |
| ६. | वडा नं ४ को निर्मित सार्वजनिक भवन हरुको संरचनात्मक सुधार तथा मर्मत गर्ने | रु. २०,००,०००।०० | रु. २०,००,०००।०० |
| ७. | वडा नं ८ को ईलाका प्रहरी चौकी रजवाडाको घेराबेरा गर्ने कार्य | रु. ७,००,०००।०० | रु. ७,००,०००।०० |
| ८. | वडा नं १ को साबिक वडा नं. २ र ३ मा कृषिका लागि विद्युतीकरण | रु. १०,००,०००।०० | रु. १०,००,०००।०० |
| ९. | वडा नं ६ को कृषि विद्युतीकरण | रु. १०,००,०००।०० | रु. १०,००,०००।०० |
| १०. | | | |
| ११. | | | |
| १२. | | | |
| १३. | | | |
| १४. | | | |

Scanned with CamScanner

निर्णय नं. ४ :

देशव्यापी रुपमा फैलिरहेको कोरोना भाईरस (कोभिड-१९)का कारण यस नगरपालिका क्षेत्र भित्र संचालनमा ल्याईएका क्वारेन्टाईनहरुमा कुन समयमा कति मानिसको आवागमन हुने सहि अनुमान लगाउन नसकिएको यस अवस्थामा क्वारेन्टाईनमा बस्ने व्यक्तिहरुका लागि दैनिक रुपमा आवश्यक पर्ने सामाग्रीहरु जस्तै खाद्यान्न सामाग्री, चाउचाउ, बिस्कुट, च्युरा, ग्याँस, मरमसाला, चिनी, चियापत्ती, मिनरल वाटर, साबुन, सर्फ बाल्टिन, जग, प्लेट, गिलास, टुथब्रस, टुथपेस्ट जस्ता अन्य सामाग्रीहरु कुन सामान र कति परिमाणमा आवश्यक पर्ने समेत यकिन गर्न नसकिने अवस्थाका कारण खरिद प्रक्रिया पूर्ण रुपमा पालना गर्न नसिकने भएकाले यस माधव नारायण नगरपालिका क्षेत्र भित्रका आपुर्तीकर्ताहरुसँग आवश्यकता अनुसारका सामाग्रहरुको दररेट माग गरी आवश्यक सामाग्रीहरु आपुर्ती गर्नका लागि यस नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत तथा लेखा शाखा प्रमुखलाई आदेश दिने निर्णय गरियो ।

निर्णय नं. ५ :

प्रदेश सरकार, प्रदेश नं. २ मार्फत संचालन हुने सशर्त अनुदान, समपुरक अनुदान तथा विशेष अनुदानका लागि हालसम्म कुन योजना संचालन गर्ने भनी पत्राचार नभएको तथा सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय बमोजीम योजना स्वीकृत गरी संचालन गर्ने भनी पत्राचार भए बमोजीम तपसिल बमोजीमका योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्ने गरी यस नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत, योजना शाखा प्रमुख तथा लेखा शाखा प्रमुखलाई आदेश दिने निर्णय गरियो ।

तपसिल

शसर्त अनुदान तर्फ

१. वडा नं. १ दिपहीको मुल सडक ढलान कार्य रु. ५०,००,०००।०० (अक्षरेपी रुपैयाँ पचास लाख मात्र)
२. वडा नं. ७ पिप्रा रजवाडा (लौकाहा)को मुल सडक ढलान कार्य २५,००,०००।०० (अक्षरेपी रुपैयाँ पच्चिस लाख मात्र)
३. वडा नं. ६ माधोपुर बजारमा रहेको पोखरीको सौन्दर्यीकरण कार्य २५,००,०००।०० (अक्षरेपी रुपैयाँ पच्चिस लाख मात्र)

समपुरक अनुदान तर्फ

१. शुद्ध खानेपानीका लागि नगरपालिका क्षेत्रभित्र ह्याण्ड पम्प जडान कार्य रु. ४०,००,०००।०० (अक्षरेपी रुपैयाँ चालीस लाख मात्र) - उपभोक्ता समिति मार्फत

विशेष अनुदान तर्फ

१. नोभेल कोरोना भाईरसबाट बच्न नगरपालिका क्षेत्रभित्रका गर्भवती महिलाहरुलाई सरसफाई तथा पोषण युक्त सामाग्री वितरण कार्यक्रम रु. ३०,००,०००।०० (अक्षरेपी रुपैयाँ तीस लाख मात्र) - उपभोक्ता समिति मार्फत

Scanned with CamScanner